# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चौंलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२
च.नं.:

सूचना नम्बर..........

## चौंरी प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि आवेदन / प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/०९

लिखु पिके गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसार कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस गाउँपालिकाको कार्यालयको पशु सेवा शाखामा तपसिल बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गर्नुहुन लिखुपिके गा.पा. वडा नं. १ र ५ का सम्बन्धित सबै (कृषक/कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ संलग्न गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना तथा संलग्न गर्नु पर्ने कागजात यस कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| क्र.स. | कार्क्रमको नाम | माग गर्न सकिने क्रियाकलाप | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १. | चौंरी प्रवर्द्धन कार्यक्रम | • घुम्ति गोठ निर्माण तथा व्यवस्थापन<br>• आहार व्यवस्थापन<br>• खानेपानी व्यवस्थापन | प्रति गोठ कम्तिमा १५ वटा चौंरि हुनुपर्ने। | बढीमा ७५% अनुदान उपलब्ध हुने। |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रमको लागि तोकिएको ढाँचामा निवेदन ।
२. दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलीपि ।
३. समूह र सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलीपि ।
४. स्थायी लेखा नम्बर/नागरिकता प्रमाण पत्रको फिटोकपि/जग्गा धनि पुर्जाको फोटोकपि।
५. विगत दुई वर्ष देखि सरकारी अनुदान नलिएको स्व-घोषणा पत्र।

*थप जानकारीको लागि पशु सेवा शाखा ९८६१३८४६२७ मा सम्पर्क गर्न सकिने छ ।*

अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

ईमेलः-likhupikerm@gmail.com, वेबसाइटः-www.likhupikemun.gov.np,
पशु सेवा शाखा ईमेलः-lpkrmvet015@gmail.com

"स्वच्छ र सक्षम निजामति प्रशासन विकास सम्वृद्धि र सुशासन"